आज मिति २०७४ भाद्र ७ गते बुधवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

निर्णय नं.१: आ.व.२०७४।०७५ का लागि योजनागत रुपमा बजेट विनियोजन भएकोले योजनाहरु/कार्यक्रमहरुको लागत इष्टिमेट गराई योजना संचालन कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.२: फुटकर योजनाहरुका सम्बन्धमा जुन जुन वडाहरुले फुटकर योजना संचालनका लागि भैपरि/विविध शीर्षकमा रकम विनियोजन गरेका छन् सोही बजेटबाट संचालन गर्ने, अन्य वडाहरुको फूटकर योजना सम्बन्धमा न.पा.मा सिफारिस गरी पठाउने र न.पा.बाट व्यवस्थापन मिलाउने निर्णय गरियो ।

निर्णय नं.३: ढुंगा गिट वालुवा जस्ता नदीजन्य पदार्थको उत्खनन् गर्नका लागि ठेक्का लिने ठेकेदारहरुले सम्बन्धित वडाका वडाअध्यक्ष संग समन्वय गरी निर्माण सामग्री स्टोर गर्ने व्यवस्था मिलाउने । साथै सम्झौता गर्दा सम्झौताका शर्तहरुका बारेमा विधायन समितिको राय परामर्शमा तयार गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.४: व्यास नगरपालिकामा स्वास्थ्य सम्बन्धी विषयमा समन्वय र व्यवस्थापन गर्न निम्नानुसारका पदाधिकारीहरु रहेको नगरस्तरीय स्वास्थ्य समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) नगर प्रमुख | अध्यक्ष |
| २) स्वास्थ्य मन्त्रालयबाट मनोनित | उपाध्यक्ष |
| ३) स्थानीय विकास अधिकारी/अधिकृत प्रतिनिधि | सदस्य |
| ४) कार्यकारी अधिकृत | सदस्य |
| ५) महिला लगायत मन्त्रालय मनोनित गर्ने | सदस्य |
| ६) जनस्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| ७) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख | सदस्य |
| ८) हरिश्चन्द्र न्यौपाने | सदस्य सचिव |

निर्णय नं.५: यस आ.व.२०७४।०७५ को बजेटमा व्यवस्था भएको मोटर साइकल खरिद प्रकृयालाई अगाडि बढाउने । साथै खरिद गरिएका ६ वटा मोटरसाइकल निम्नानुसार वितरण/विभाजन गर्ने निर्णय गरियो ।
१) वडा नं.५, ९, १०, १२ र १३ लाई ५ वटा
२) प्राविधिक शाखा १ वटा

निर्णय नं.६: आ.व.२०७४।०७५ को बजेट व्यवस्था गरिएको घर नम्बर राख्ने कार्यक्रमको सूचना प्रकाशित गरी २, ३ र ४ नं. वडामा पाइलट प्रोजेक्टको रुपमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.७: व्यास न.पा.५ मा भएको रंगशालाको गुरु योजना निर्माण गरी स्थानीय खेलकुद समिति र खेलकुद मन्त्रालयसंग समन्वय गरी रंगशाला निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.८: व्यास नगरपालिका अन्तरगत रहेका विद्यालयहरुको निम्न अनुसार स्रोत केन्द्र तोक्ने निर्णय गरियो ।
१) वडा नं.१, १२, १३ र १४ निर्मल मा.वि.
२) वडा नं.२, ३, ४, ५ र ११ बालमन्दिर
३) वडा नं.६, ७, ८, ९ र १० क्यामिन मा.वि. कलेस्ती

निर्णय नं.९: ५०/५० लाख रकमका १० वटा लागत सहभागिता जुटाउने योजनाहरुको २०७४ साल भाद्र २५ गतेभित्र प्रस्ताव पेश गर्न वडा समितिहरुलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.१०: आ.व.२०७४।०७५ को तनहुं जिल्लाको जिल्ला दररेटलाई नै अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.११: व्यास न.पा. भित्रको सरसफाई कार्यलाई व्यवस्थित गर्न हाल भैरहेको जनशक्तिले नपुग्ने भएकोले ज्यालादारीमा २ जना कुचीकार राख्ने निर्णय गरियो ।

निर्णय नं.१२: यस व्यास नगरपालिका वडा नं.२, ३ र ४ मा रहेका फुटपाथलाई व्यवस्थि तगर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) काशीराम श्रेष्ठ | संयोजक |
| २) प्रेमकुमार श्रेष्ठ | सदस्य |
| ३) विश्वराज न्यौपाने | सदस्य |
| ४) मोहनकुमार श्रेष्ठ | सदस्य |
| ५) भाग्यशाली ढुंगाना | सदस्य सचिव |

निर्णय नं.१३: यस आ.व.२०७४।०७५ मा विनियोजन भएको विपन्न र दलित समुदायका लागि शौचालय निर्माण गर्ने योजना/कार्यक्रम (संख्या) २०७४ साल आश्विन महिना भित्र वडाबाट पेश गर्ने निर्णय गरियो । उक्त शौचालय निर्माणमा रु.२०,०००। प्रति परिवार प्रति शौचालय अनुदान दिने निर्णय गरियो ।

निर्णय नं.१४: यस व्यास नगरपालिकामा कार्यरत निम्न सवारी चालकहरुले श्रेणी विहिन बनाइ पाउं भनी दिनु भएको निवेदन माथि छलफल गर्दा निजहरुको माग अनुसार श्रेणी विहिनमा परिवर्तन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) चन्द्रबहादुर श्रेष्ठ | सिनियर अप्रेटर |
| २) किसान कुमाल | हलुका सवारी चालक |
| ३) सोमे कुमाल | हलुका सवारी चालक |

निर्णय नं.१५: व्यास नगरपालिका वडा नं.१ को नाला निर्माण ५० प्रतिशत स्थानीय लागत सहभागिता जुटाई निर्माण गर्न रु.१८,००,०००। (अठार लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: व्यास नगरपालिका वडा नं.१० को वडा कार्यालयको रंगरोगन तथा सिलिङ मर्मत तथा सम्भार गर्न खर्च भएको रकम रु.२२,१४०। (बाइस हजार एक सय चालिस) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१७: व्यास नगरपालिकामा रहेको JCI संस्थाको भवन निर्माणको लागि रु.१,००,०००। (एक लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८: व्यास न.पा. वडा नं.३ को अस्पताल जाने बाटो निर्माण र तरकारी बजार लगायतमा ग्राभेल राखी बाटो मर्मत तथा निर्माण गरे वापत लागेको खर्च रकम रु.१,७०,०००। (एक लाख सत्तरी हजार) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१९: यस व्यास न.पा.का निम्न वडा समिति कार्यालयहरुमा करार तथा ज्यालादारीमा कार्यरत कार्यलय सहयोगीहरुलाई निम्न अनुसारको तलब / ज्याला दिने निर्णय गरियो ।

१) वडा नं.८ का.स. श्री रामहरि मिश्र रु.१०,०००। (दश हजार)
२) वडा नं.११ का.स. श्री मानकाजी श्रेष्ठ रु.१०,०००। (दश हजार)
३) वडा नं.६ का.स. श्री थामप्रसाद श्रेष्ठ रु.८,०००। (आठ हजार)
४) वडा नं. १४ का का.स. श्री सिताराम आले रु.१०,०००। (दश हजार)

निर्णय नं.२०: एकदेव आले स्मृति शहिद प्रतिष्ठानलाई भवन निर्माण कार्यक्रमका लागि रु.३,००,०००। (तीन लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२१: व्यास न.पा. वडा नं.५ स्थित श्री जनजुक्त शाही मा.वि. नेपालटारलाई भवन मर्मत, सम्भार गर्न रु.१,००,०००। (एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: व्यास नगरपालिकामा हाल संचालनमा रहेका शाखालाई निम्नानुसार कायम गरी शाखा प्रमुख तोक्ने निर्णय गरियो ।

१) सामान्य प्रशासन एवं सामाजिक विकास शाखा: बरिष्ठ आलेप अधिकृत श्री कुमार कंचन जि.सी.
२) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन शाखा: प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खले
३) आर्थिक विकास, राजश्व तथा आर्थिक प्रशासन शाखा: लेखा अधिकृत श्री मेघनाथ आचार्य
४) शहरी पूर्वाधार एवं योजना तथा विपद् व्यवस्थापन शाखा: इन्जिनियर श्री रविन्द्रलाल मुल
५) सूचना तथा तथ्यांक शाखा: कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले
६) वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा: शाखा अधिकृत श्री कृष्णराज घिमिरे
७) भूमी व्यवस्थापन तथा भवन नियमन शाखा: इन्जिनियर श्री निर्मल वाग्ले